# लालझाडी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

शंकरपुर, कञ्चनपुर, सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. २०७७/०७८
च.नं. 2369

मिति:२०७८/०१/२३

सलान निर्माण सेवा, भि. न. पा.- ०४,कञ्चनपुर।

**बिषय: सम्झौता गर्न आउने बारे**

यस कार्यालयबाट मिति २०७७/१२/०६ मा नयाँ पत्रिका राष्ट्रिय दैनिक, सार्वजनिक खरिद अनुगमन कार्यालयको बिधुतीय खरिद प्रणाली www.bolpatra.gov.np/egp र कार्यालयको वेवसाइट तथा सुचनापाटीमा प्रकाशित बोलपत्र आव्हान सम्बन्धि सूचना अनुसार देहायको कार्यकोलागि रितपुर्वक पेस भएका बोलपत्र मिति २०७८/०१/०६ मा खोलि मुल्यांकन समिति मा पेस भइ मुल्यांकन समितिले उक्त प्रस्तावको आर्थिक पक्षको मुल्यांकन गरी सार्बजनिक खरिद ऐन २०६३ को दफा २५ को उपदफा ८ अनुसार तपाइको बोलपत्र सारभूत रुपमा प्रभावाग्राही ठहर गरि स्वीकृतिका लागि छनौट गरेको र सोहि आधारमा मिति २०७८/०१/१६ गते सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम नयाँ पत्रिका राष्ट्रिय दैनिकमा बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित भएको थियो।

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित भएको ७ दिन भित्र कुनै पनि बोलपत्रदाताले सार्बजनिक खरिद ऐन २०६३ को दफा ४७ बमोजिम निबेदन नगरेको हुदा छनौट भएको तपाइको बोलपत्र स्वीकृत भएकोले सार्बजनिक खरिद ऐन २०६३(संसोधित) को दफा २७ को उपदफा ३ बमोजिम पन्ध्र दिन भित्र खरिद सम्झौता गर्नकोलागी सार्बजनिक खरिद नियमावली २०६४ (संसोधित) को दफा ११० अनुसार कार्य सम्पन्न गर्नुपर्ने मितिले थप १३ महिना (२०७९/०४/१५) सम्म म्याद भएको, तपशिल बमोजिमको कार्य सम्पादन जमानत दाखिला गरी आवस्यक कागजातसहित सार्बजनिक खरिद ऐन २०६३ को दफा ५२ बमोजिम खरिद सम्झौता गर्न यस कार्यालमा आउन हुन अनुरोध छ। कार्य सम्पादन जमानत डिफेक्ट लायबलिटि पिरियड (त्रुटी सच्याउने दायित्व अवधि ) समाप्त भएपछि मात्र फिर्ता हुनेछ।

**तपशिल**

| क्र.स. | कामको बिवरण | सम्पन्न गर्नु पर्ने मिति | कार्य सम्पादन जमानत रकम (रु.) |
|---|---|---|---|
| १. | LAL-18-2077/078 सडक मर्मत कार्य वडा नं. १,२,३ | २०७८/०३/१५ | ६०६,६०३.७४ |

इन्जिनीयर